नगर सभाबाट स्वीकृत मिति : २०७९/०३/१०

# सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन २०७९

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय लमजुङ
२०७९

प्रमाणीकरण गर्नेको
नाम : श्री कृष्ण प्रसाद कोईराला
पद : नगरसभा अध्यक्ष
मिति :२०७९/०३/१०
पृष्ठ संख्या : २८

# सुन्दरवजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

## आर्थिक ऐन, २०७९

प्रस्तावना :

सुन्दरवजार नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुन्दरबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

(१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि सुन्दरवजार नगरपालिका क्षेत्रमा लागू हुनेछ।

(२) परिभाषा र व्याख्या :

(क) सम्पत्ति कर भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा सुन्दरवजार नगरपालिकाको क्षेत्र भित्र बनेका संरचना (घर,गोठ,टहरा,गोदाम आदि समेत) ले चर्चेको जग्गा वा पाँच हजार चार सय छहत्तर वर्ग फिट जग्गामध्ये जुन घटी हुन्छ त्यो जग्गामा लगाउने कर भन्ने बुझिन्छ।

(ख) भूमिकर (मालपोत) भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा सुन्दरबजार नगरपालिकाको क्षेत्र भित्र रहेका दफा २ को (क) बाहेकको अन्य जग्गा भएमा उक्त जग्गामा लगाउने कर भन्ने बुझिन्छ।

(ग) सवारी साधन कर भन्नाले नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा लगाउने कर भन्ने बझिन्छ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

(३)सम्पत्ति कर :

(१) (क) सम्पत्ति कर भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा सुन्दरवजार नगरपालिकाको क्षेत्र भित्र बनेका संरचना (घर, गोठ, टहरा,गोदाम,आदि समेत) ले चर्चेको जग्गा वा पाँच हजार चार सय छयात्तर वर्ग फिट जग्गामध्ये जुन घटी हुन्छ त्यो जग्गामा सम्पत्ति कर लगाईने र असूल उपर गरिने छ।

(२) उपदफा (१) अनुसार लगाईने सम्पत्ति कर **अनुसूची (१)** बमोजिम हुनेछ।

(३)सम्पत्ति कर साविक अनुसार नगरपालिकाले निर्धारण गरेको मूल्यांकन लाई आधार लिईनेछ।

(४)सम्पत्ति कर निर्धारण प्रायोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूची (२)** मा उल्लेख दर अनुसार गरिनेछ।

(५) सम्पत्ति कर निर्धारण प्रयोजनका लागि कुनै पनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूची (३)** मा उल्लेख दर अनुसार ह्रास कट्टी गरिनेछ।

(६) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौतिक संरचनामा सम्पत्तिकर तथा भूमीकर(मालपोत) लगाईने छैन।

(७) उपदफा (१) बमोजिम सम्पत्ति कर लागेको सम्पत्तिमा भूमिकर (मालपोत) लाग्ने छैन। तर सम्पत्ति कर लागू हुनुभन्दा अगाडी को बक्यौतामा भूमिकर (मालपोत) असूली गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

## (४) भूमिकर ( मालपोत ) :

(१)कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको सुन्दरवजार नगरपालिकाको क्षेत्र भित्र रहेका दफा २ को (क ) बाहेकको अन्य जग्गा भएमा उक्त जग्गाको हकमा **अनुसूची (४)** बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल उपर गरिने छ।

## (५) घरवहाल कर :

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले व्यापारिक भवन ,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा,पोखरी आदि पुरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची (५)** बमोजिम घरजग्गा वहालकर लगाईने र असुल उपर गरिनेछ।

(२)उपदफा(१) बमोजिम वहालकर निर्धारण प्रयोजनका लागि घर धनी र वहालमा बस्ने व्यक्ति वा संस्थाको विचमा भएको सम्झौता वा नगरपालिकाले निर्धारण गरेको न्युनतम वहाल दर जुन बढी हुन्छ सो वहालदरलाई आधार मानी वहालकर निर्धारण गर्न सकिनेछ।

(३) नगरपालिकाले कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा , पोखरी आदि पूरै वा आंशिक तवरले वहालमा दिने व्यक्ति वा संस्थालाई आफ्नो सम्पत्ति वहालमा दिँदा वहालमा बस्नेसंग अनिवार्य रुपमा सम्झौता गर्नु पर्ने गरी आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सम्झौता गरी वहालमा बस्ने व्यक्ति वा संस्थाको व्यक्तिगत विवरण तथा निज सँग भएको सम्झौताको एक प्रति नगरपालिकाको कार्यालयमा समेत बुझाउन अनिवार्य गर्न सक्नेछ ।

(५) वहालकर निर्धारण प्रायोजनका लागि नगरपालिकाले वहाल रकमलाई समसामायिक एवं व्यवहारिक बनाउन कुनै क्षेत्र, सडक वा वस्तीलाई आधार मानेर वहालको न्यूनतम दर तोक्न सक्नेछ ।

(६) नगर कार्यपालिकाले वहालकर संकलनको लागि प्रभावकारीता वृद्धि गर्नका लागि आवश्यक निर्णय लिन सम्नेछ ।

**(६) व्यवसाय कर :**

नगरपालिका क्षेत्रभित्रका व्यापार,व्यवसाय, वा सेवामा व्यवसायको प्रकृत्ति, पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा **अनुसूची** (६) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

**(७) सवारी साधन कर :**

नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची** (७) बमोजिम सवारी साधन कर लगाईने र असुल गरीनेछ । तर, प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**(८) विज्ञापन कर :**

नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका विज्ञापनमा **अनुसूची** (८) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**(९) विविध कर ,शुल्क तथा शिफारिस दस्तुर :**

नगरपालिकाले आफैंले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूची** (९)मा उल्लेख भए अनुसारका स्थानीय पूर्वाधार र सेवाग्राहीहरुलाई उपलब्ध गराएको सेवामा शुल्क तथा सिफारिस दस्तुर सोही अनुसूचीमा व्यवस्था भए बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

**(१०) घर नक्सापास दस्तुर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बन्ने नयाँ भौतिक संरचनाहरुको **अनुसूची** (१०) मा उल्लेख भए बमोजिमको दरमा नक्सापास दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

(११) **अभिलेखीकरण दस्तुर :**

(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र बनेका पुराना भौतिक संरचनाहरुको अभिलेखीकरण गर्दा **अनुसूची (११)** मा उल्लेख भए बमोजिमको दरमा नक्सापास दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

(१२) **दहत्तर बहत्तर:**

(१) (रोडा ढुङ्गा, गीट्टी, चिप्स माटो बालुवा चुनढुङ्गा र काठ दाउरामा ) मा प्रदेश कानुन ले निर्धारण गरेको शुल्क **अनुसूची (१२)** बमोजिम हुने गरी असुल उपर गरिनेछ ।

(२) अनाधिकृत तरिकाले दहत्तर वहत्तर (रोडा, ढुङ्गा, गीट्टी, चिप्स माटो, चुन्ढुङ्गा एवं काठ दाउरा) उत्खनन् गरेमा **अनुसूची (१३)** बमोजिम प्रशासनिक दण्ड ,जरिवाना गरी , असुल उपर गरिनेछ ।

(१३) **निर्माण व्यसायी:**

**व्यक्तिगत घर निर्माण गर्ने निर्माण व्यवसायीलाई अनुसुची १४ बमोजीम दस्तुर लिई सुचिकृत गरिने छ ।**

(१४) **पर्यटन शुल्क :**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुलउपर गर्न सक्नेछ । यस ऐन बमोजिम पर्यटन शुल्क लगाउनका लागि पर्यटकीय क्षेत्र र सो शुल्कका दरहरु समेत निर्धारण गर्न सक्नेछ । पर्यटन शुल्क निर्धारण गर्दा पर्यटकीय क्षेत्रका लागि भएको लगानी, विकास तथा यसको महत्व समेतलाइ दृष्टिगत गरी निर्धारण गर्न सक्नेछ । तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुने गरी नियमावली निर्माण गरी ब्यवस्थापन गरिनेछ ।

(१५) **मनोरञ्जन कर :**

नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोञ्जन ब्यवसायमा प्रदेश कानुनमा ब्यवस्था भए बमोजिम मनोरञ्जन कर लगाउन सक्नेछ ।

(१६) **बहाल विटौरी शुल्क :**

नगरपालिकाका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा संञ्चालन गरेका पसल वा हाट बजार बाट शुल्क संकलनका लागि नगरपालिकाले आवश्यक कार्यविधि बनाई निर्दिष्ट गरेका क्षेत्रका सूची तयार गरी सोही आधारमा वहाल वा शुल्क निर्धारण गरिनेछ ।

(१७) पार्किङ शुल्क :

नगरपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत नगरपालिकाले पार्किङ शुल्क लगाउन सक्नेछ ।

(१८) वातावरण प्रदुषण शुल्क :

नगरपालिका क्षेत्र भित्र रहेका वातावरणमा प्रतिकुल प्रभाव पार्ने उद्योग, व्यवसाय वा वातावरण प्रदुषणमा भूमिका निर्वाह गर्ने किसिमका वस्तु वा सेवाको कारोबार गर्ने व्यक्ति वा संस्थालाई आवश्यक शुल्क निर्धारण गरी वातावरण प्रदुषण शुल्क लगाईनेछ ।

## (१९) कर छुट :

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२०) कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## (२१) विविध :

(१) नेपालको संविधान २०७२ को धारा ५७ (५),१०९,१६२ (४),१९७,२१४ (२),२२१ (२),र २२६ (१)सँग सम्वन्धित अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरुको हकमा प्रदेश तथा संघिय कानून स्वीकृत भइ सोही कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कर,शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्ने गरी आवश्यक रणनीति निमार्ण गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार आवश्यकता र प्रभावकारीता समेतलाई मध्यनजर गरी केही आयोजना कार्यान्वयन गर्न सक्नेछ ।

(३) आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरु निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरु र सरोकारवालाहरु समेतको आवश्यक परामर्श एवं सहायोग लिन सक्नेछ ।

(४) यस ऐनमा उल्लेख भएका प्रावधानहरु संघीय वा प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमा

सुन्दरबजार नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

अनुसूची-१

**सम्पत्ति कर**

**आ.व. २०७९/०८०**

| क्र.सं. | देखि | सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १ | १ | १००००० | १०० |
| २ | १००००१ | २५०००० | १२५ |
| ३ | २५०००१ | ४००००० | १५० |
| ४ | ४०००००१ | ६००००० | १७५ |
| ५ | ६००००१ | ८००००० | १८५ |
| ६ | ८००००१ | १०००००० | २०० |
| ७ | १००००००१ | १२५०००० | २५० |
| ८ | १२५०००१ | १५००००० | ३०० |
| ९ | १५०००००१ | १७५०००० | ३५० |
| १० | १७५०००१ | २०००००० | ४०० |
| ११ | २०००००१ | २२००००० | ५०० |
| १२ | २२०००००१ | २४००००० | ६०० |
| १३ | २४०००००१ | २६००००० | ७०० |
| १४ | २६०००००१ | २८००००० | ८०० |
| १५ | २८०००००१ | ३०००००० | ९०० |
| १६ | ३०००००१ | ३२५०००० | १२०० |
| १७ | ३२५०००१ | ३५००००० | १४५० |
| १८ | ३५०००००१ | ३७५०००० | १७०० |
| १९ | ३७५०००१ | ४०००००० | १९५० |
| २० | ४०००००१ | ४२५०००० | २२०० |

| | | | |
|---|---|---|---|
| २१ | ४२५०००१ | ४५००००० | २४५० |
| २२ | ४५००००१ | ४७५०००० | २७५० |
| २३ | ४७५०००१ | ५०००००० | ३००० |
| २४ | ५००००० | ६०००००० | ३५०० |
| २५ | ६००००० | ७०००००० | ५००० |
| २६ | ७००००० | ८०००००० | ६५०० |
| २७ | ८००००० | ९०००००० | ८००० |
| २८ | ९००००० | १०००००० | १०००० |
| २९ | १००००००१ | १२०००००० | १२००० |
| ३० | १२०००००१ | १४०००००० | १४००० |
| ३१ | १४०००००१ | १६०००००० | १६००० |
| ३२ | १६०००००१ | १८०००००० | १८००० |
| ३३ | १८०००००१ | २०००००००० | २०००० |
| ३४ | २००००००१ | २५०००००० | २५००० |
| ३५ | २५०००००१ | ३०००००००० | ३०००० |
| ३६ | ३००००००१ | ३५०००००० | ३५००० |
| ३७ | ३५०००००१ | ४०००००००० | ४०००० |
| ३८ | ४००००००१ | ४५०००००० | ५०००० |
| ३९ | ४५०००००१ | ५०००००००० | ६०००० |
| ४० | ५००००००१ | माथि | रु २ प्रति हजार |

नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूची २
आ.व २०७९।०८०
संरचनाको मूल्य निर्धारण :

| | RCC Frem RCC ढलान प्रति SQF. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQF. | RCC Frem जस्ताको छाना प्रति SQF. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा,ब्लकको गाह्रो जस्ता स्टलको छाना प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो जस्ता स्टलको छाना प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो खरको छाना प्रति SQF. |
|---|---|---|---|---|---|---|---|
| ापारिक | १२०० | १००० | ८५० | ७५० | ५०० | ४५० | २०० |
| ावसीय | ११५० | ९५० | ८०० | ७०० | ४५० | ४०० | १५० |
| कृषि | ११०० | ९०० | ७५० | ६५० | ४०० | ३५० | १०० |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

## सुन्दरबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### अनुसूची ३
### आ.व २०७९।०८०

**भौतिक संरचनाको आयू र ह्रासकट्टि सम्बन्धी**

| भौतिक संरचनाको बर्गिकरण | संरचनाको आयु (वर्ष) | भौतिक संरचनाको आयू र ह्रासकट्टि दर(प्रतिशतमा) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०-५ | ५-१० | १०-१५ | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० | ७०-७५ |
| पक्की आर. सि.सि | ७५ | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७७ | ७९ |
| सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा ढलान | ५० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७८ | ८० | ८३ |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा ढलान | ५० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८१ | ८३ | ८५ |
| पक्का आर. सि.सि जस्ताको छाना | ४० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | ७१ | ७५ | ७८ | ८१ | ८४ | ८६ | ८८ |
| सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा जस्ताको छाना | ४० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | ७४ | ७८ | ८१ | ८४ | ८६ | ८८ | ९० |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा जस्ता,स्लेटको छाना | ३५ | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | ७३ | ७७ | ८० | ८३ | ८६ | ८८ | ९० | ९१ |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा खर वा अन्यको छाना | २० | १९ | ३४ | ४७ | ५७ | ६५ | ७२ | ७७ | ८१ | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ | ९६ |

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश

# सुन्दरबजार नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## अनुसूची ४

**आ.व २०७९।०८०**

**भूमिकर (मालपोत ) :**

घर र घरले चर्चेको जग्गा वा पाँच हजार चार सय छहत्तर वर्ग फिट जग्गामध्ये जुन घटी हुन्छ त्यो जग्गा बाहेक अन्य जग्गाको हकमा अनुसुची (१) बमोजिमको दररेटका आधारमा भुमिकर (मालपोत ) लगाइने र असुल उपर गरिनेछ ।

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूची-५
**आ.ब.२०७९/०८०**
**घर बहाल कर:**

| | |
|---|---|
| सुन्दरबजार नगरपालिकाले आफ्नो क्षेत्र भित्र घर, पसल, ग्यारेज, गोदाम सेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा भाडामा दिइएकोमा सम्बन्धित धनी बाट सोघोषणा विधीबाट बहाल रकमको | १० प्रतिशत लिने |

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि ६
आ.ब.२०७९/०८०

व्यवसायकर:

| क.सं. | व्यवसायको विवरण | कर रकम रु. | | |
|---|---|---|---|---|
| | स्तर | क रु | ख रु | ग रु |
| १) | पर्यटन उद्योग | | | |
| १.१ | होमस्टे | ३०० | १०० | |
| १.२ | होटल, लज एवं साधारण होटल | १००० प्रा.ली | ५०० | ३०० |
| १.३ | रेष्टुरेन्ट (म:म,तास,सेकुवा आदि) | ७०० | ४०० | |
| २) | व्यापारिक वस्तु | | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खूद्रा | १५०० | १००० | खुद्रा मात्र ५०० |
| २.२ | कपडा तथा फेन्सी पसल | १५०० | १००० | ७०० कपडा फेन्सी ग्रामिण क्षेत्र |
| २.३ | आयल पम्प | १५०० | | |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामाग्री टिभी,घडी,रेडियो बिक्री | १००० | ५०० | |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक कारखाना मर्मत | २००० | | |
| २.६ | मोटरसाइकल मर्मत | ८०० | | |
| २.७ | साइकल मर्मत | ५०० | | |
| २.८ | निर्माण सामाग्री(हार्डवेयर) | २००० | १००० | |
| २.९ | सूनचाँदी पसल(ज्वेलेरी) | १५०० | १००० | |
| २.१० | उनी धागो पसल | ३०० | | |
| २.११ | जूत्ता चप्पल पसल | ८०० | ५०० | |
| २.१२ | सपिङ सेन्टर | १००० | ५०० | |
| ३) | अन्य सेवा | | | |
| ३.१ | विविध श्रृघार पसल(थोक/खुद्रा) | ८०० | ४०० | |
| ३.२ | ब्युटी पार्लर | ५०० | | |
| ३.३ | फर्नीचर पसल | १२०० | ८०० | |
| ३.४ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | १००० | ५०० | |
| ३.५ | पूल हाउस (प्रति वोर्ड रु) | ४०० | | |
| ३.६ | भिडियो गेम प्रति स्किम रु २००। | २०० | | |
| ३.७ | पूस्तक तथा पत्रिका पसल | १००० डिलर | ५०० | |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ३.८ | नर्सरी र फलफुलका विरुवा बिक्री वितरण | २०० | | |
| ३.९ | संस्थागत पेन्टर | २०० | | |
| ३.१० | तरकारी पसल | ५०० | | |
| ३.११ | वीज भण्डार | ५०० | २०० | |
| ३.१२ | मासु पसल | ८०० | ४०० | |
| ३.१३ | कपडा सिलाई | ८०० | ५०० | |
| ३.१४ | हेयर कटिङ | १००० | | |
| ३.१५ | आर्ट | ३०० | | |
| ३.१६ | फोटो स्टुडियो | ८०० | ५०० | |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० | |
| ३.१८ | जिम हाउस | १५०० | | |
| ४) | मर्मत संभार | | | |
| ४.१ | रेडियो टिभी घडी, प्रेशर कुकर, हिट टेलिफोन सेट पंखा तथा स्टोभ, विद्युत सामाग्री मर्मत केन्द्र | ८०० | ३०० | |
| ४.२ | मोबाईल पसल विक्री तथा मर्मत केन्द्र | १००० | | |
| ५) | सेवा उद्योग | | | |
| ५.१ | डाइभिङ इन्स्टिच्युट | १५०० | १००० | |
| ५.२ | चलचित्र मन्दिर | १००० | १००० | |
| ५.३ | ल्याब तथा फोटोग्राफी | १००० | ५०० | |
| ५.४ | छापाखाना | १००० | ५०० | |
| ६) | कृषि तथा वनजन्य उद्योग | | | |
| ६.१ | कृषि तथा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | १५०० | १००० | |
| ७) | उर्जामुलुक | | | |
| ७.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १५०० | १००० | |
| | | | | |
| ८) | उत्पादन मुलुक उद्योग | | | |
| ८.१ | पाउरोटी भण्डार | ५०० | ५०० | |
| ८.२ | मिल कुटानी पिसानी | १००० | ५०० | |
| ८.३ | आइसक्रिम उद्योग तथा पसल | ५०० | | |
| ८.४ | कपास उद्योग | १००० | | |
| ८.५ | व्यवसायीक थ्रेसर ट्रयाक्टर | ५०० | | |
| ९) | वितीय सेवा | | | |
| ९.१ | बैंक क , ख , ग वर्ग | १०००० क वर्ग | ८००० ख, वर्ग | ६००० ग वर्ग |
| ९.२ | वितिय संस्था / लघुवित/विमा कम्पनी | ५००० | | |
| ९.३ | कृषि तथा दुग्ध सहकारी | ५०० | | |
| ९.४ | बहुउदेशिय सहकारी | ३००० | | |
| ९.५ | बचत तथा ऋण सहकारी | २००० | | |
| ९.६ | रेमिटेन्स सेवा | १००० | | |
| १०) | स्वास्थ्य सेवा | | | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १०.१ | निजी अस्पताल | ५००० | ३००० | |
| १०.२ | सरकारी अस्पताल | १५०० | ८०० | |
| १०.२ | नर्सिङ होम | ५००० | ३००० | |
| १०.३ | क्लिनिक तथा ल्याव | १५०० | | |
| १०.४ | औषधि पसल फार्मेसी | ३००० | २००० | |
| १०.५ | दाँत बनाउने पसल | १५०० | | |
| १०.६ | आँखा जाँच तथा चस्मा पसल | १००० | | |
| १०.७ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक, कविराज) | ५०० | ३०० | |
| ११) | शिक्षा सेवा | | | |
| ११.१ | निजी क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस मा.वि. र प्रा.वि | २००० | १००० प्र.वि. भन्दा तल सबैमा | |
| ११.२ | टाईपिङ, कम्प्यूटर सिकाउने तथा भाषा प्रशिक्षण संस्था | १००० | ५०० | |
| ११.३ | सिलाई, बुनाई, पेनटिङ,कटिङ प्रशिक्षण, टेलरिङ | १००० | ५०० | |
| ११.४ | टेक्निकल इन्स्टिच्युट | १५०० | | |
| १२) | निर्माण व्यवसायी | | | |
| १२.१ | निर्माण व्यवसायी दर्ता | १०००० | | |
| १२.२ | निर्माण व्यवसायी नविकरण नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क,ख,ग,घ | ८०००।,५०००।,३०००।, २०००। | | |
| १३) | संचार सेवा | | | |
| १३.१ | निजी क्षेत्रका इन्टरनेट / नेट टि.भी. प्रदायक कम्पनी/संस्था | ५००० | | |
| १४) | विशेषज्ञ मरार्मश तथा अन्य व्यवसायिक सेवा | | | |
| १४.१ | ल फर्म दर्ता | १००० | ५०० | |
| १४.२ | ल फर्म | १००० | ५०० | |
| १४.३ | भाषा अनुवाद | २००० | | |
| १४.४ | लेखापढी व्यवसाय | १००० | | |
| १४.५ | कन्सल्टेन्सी फर्म (ईन्जिनियर) | १०००० | | |
| १४.४ | ज्योतिस | ३०० | | |
| १४.५ | अडिटर फर्म CA, ख, ग, घ | CA १००००।,ख ५०००।, ग ३०००।,घ २००० | | |
| १४.६ | ट्युसन सेन्टर | १५०० | | |
| १५) | अन्य व्यवसाय | | | |
| १५.१ | कवाडी सामानको थोक बिक्रेता | ३००० | | |
| १५.२ | टेण्ट हाउस | १००० | ८०० | |
| १५.३ | लाउण्ड्री पसल (धोवि) | १००० | | |
| १५.४ | मादल पसल | ५०० | | |
| १५.५ | माटोको भांडा बनाउने | ५०० | | |

| | | | | |
|---|---|---|---|---|
| १५.६ | मिठाई पसल | १००० | ५०० | |
| १६) | सा. उद्योग | | | |
| १६.१ | इट्टा भट्टा | चिम्नी इट्टा भट्टा १०,०००<br>लोक्कल इट्टा भट्टा १०,००० | | |
| १६.२ | कटिङ ढुंगा उद्योग | २५०० | | |
| १६.३ | ग्रिल उद्योग | २५०० | १५०० | |
| १६.४ | अन्य उद्योग | १५०० | १००० | |
| १६.५ | ब्लक उद्योग | २५०० | | |
| १७) | टावर | | | |
| १७.१ | घरमाथि टावर निर्माण गर्दा | ५००० | | |
| १७.२ | जमिनमा टावर निर्माण | ४००० | ४००० | |
| १७.३ | प्राइभेट कम्पनी स्थापना र संचालन | २५०० | | |
| १७.४ | कृषि व्यवसाय दर्ता (बंगुर कुखुरा फाराम लगायत कृषि क्षेत्र) | १००० | | |
| १७.५ | कृषि समूह नविकरण शुल्क | ५०० | | |
| १७.६ | विलम्व शुल्क | असोज मसान्त सम्म नलिने<br>कार्तिक देखी पौष मसान्त सम्म २०%<br>माघ देखी असार मसान्त<br>सम्म ५०% ,असार काटेपछि जति छ सोही<br>बरावर विलम्व शुल्क लाग्ने | | |
| १७.७ | कृषि औजार तथा मेसिनरी विक्री | १००० | | |
| १८. | टेम्पो, अटो ,रिक्सा | | | |
| १८.१ | टेम्पो, अटो ,रिक्सा कम्पनी सुचीकरण | ५०,००० | | |
| १८.२ | रुट इजाजत एवं दर्ता दस्तुर | टेम्पो ३०००<br>अटो २०००<br>ई. रिक्सा ५०० | | |
| १८.३ | नविकरण | टेम्पो १५००<br>अटो १०००<br>ई .रिक्सा २५० | | |
| १९ | नगरपालिकाको सभा हल<br>सरसफाई शुल्क | क) हल १५००<br>ख) हल , प्रोजेक्टर सहित २५०० | | |
| माथि उल्लेख नभएका व्यवसायहरुको हकमा नगरपालिकाले तोके बमोजिम व्यावसाय कर लागुहुने । | | | | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिको कार्यालय
अनुसूचि ७
**आ.ब.२०७९/०८०**
**बार्षिक सवारी कर:**

| क.स. | बार्षिक सवारी कर | कर रकम रु. |
|---|---|---|
| १ | बस, ट्रक, लहरी | ५०० |
| २ | मिनीबस, ट्रक (छ पांग्रे) | ४०० |
| ३ | मिनीबस, ट्रक (चार पांग्रे) | ३५० |
| ४ | भडाको कारजीप | २०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | २०० |
| ६ | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा माथि | ३०० |
| ७ | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा सानो | २५० |
| ८ | स्कुटर मोटरसाइकल | ८० |
| ९ | ठेला तथा रिक्सा | ८० |
| १० | सफा टेम्पो | २०० |
| ११ | गोरु गाडा | ५० |
| १२ | पावर टेलर | २०० |
| १३ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम ) | १००० |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका

नगरकार्यपालिको कार्यालय

अनुसूचि ८

आ.ब.२०७९/०८०

**विज्ञापनकरको दर:**

| . | विज्ञापन दर | रकम रु |
|---|---|---|
| १ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि ( मधिराजन्य,सर्तिजन्य | प्रति वर्ग फुट रु. ५० |
| २ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि (अन्य) | प्रति वर्ग फुट रु. ४० |
| ३ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म (मधिराजन्य,सर्तिजन्य | प्रति वर्ग फुट रु. ५० |
| ४ | साईनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा सम्म (अन्य) | प्रति वर्ग फुट रु. ४० |
| ५ | तुल व्यानर एक हप्ताको लागि | ५० |
| ६ | तुल व्यानर एक हप्ता भन्दा बदी | १०० |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि-९
**आ.ब.२०७९/०८०**

## विविध कर, शुल्क तथा सिफारिस दस्तुर

| सि. नं. | विवरण | रकम रु. |
|---|---|---|
| | सिफारिस | रुपैयाँमा |
| १ | नाता प्रमाणित | सा.सु.प्रयोजन २००<br>अन्य प्रयोजन ३०० |
| २ | बैंक खाता खोल्ने सिफारिस | १०० |
| ३ | जिविस वा अन्य सरकारी निकाय सम्बन्धि सिफारिस(आवश्यक सहयोग ) | १०० |
| ४ | राहदानी सिफारिस | ७०० |
| ५ | घरजग्गा नामसारी/हकवाला प्रमाणित | ५०० |
| ६ | घर कायम सिफारिस | कच्ची घर ३००<br>पक्की घर ५०० |
| ७ | पेन्सन कार्ड वा सो सम्बन्धि अन्य सिफारिस | ७०० |
| ८ | हकवाला संरक्षण सम्बन्धि सिफारिस | २०० |
| ९ | संघ संस्था दर्ता सम्बन्धि सिफारिस | ५०० |
| १० | कृषक एवं अन्य समुह दर्ता तथा नविकरण | दर्ता १०००/नविकरण ५०० |

| | | |
|---|---|---|
| ११ | मन्टेश्वरी | अनुमती ५०००<br>कक्षा थप रु.१००० |
| १२ | प्रा.वि/नि.मा.वि/आधारभूत | अनुमती आधरभुत(१–५) ६०००<br>कक्षा थप रु २०००<br>अनामती आधारभु (६–८)७०००<br>कक्षा थप को लागि रु३००० |
| १३ | मा.वि/उच्च मा.वि | १०,०००।-<br>शिक्षा नियमावली अनुसार |
| १४ | काठ /कु काठ | |
| क | व्यक्तिगत प्रयोजनको लागि | स्थानीय तह भित्र<br>रु १००।- |

| | | |
|---|---|---|
| ख | स्थानीय तह भित्र व्यवसायिक प्रयोजन | काठ (क)ट्रक १५०० (ख)ट्याक्टर १००० कुकाठ (क)ट्रक १००० (ख)ट्याक्टर ५०० |
| १५ | अंग्रेजी रुपान्तर सबै प्रकारका अंग्रजी सिफारिस प्रमाणित शूल्क( आयस्रोत प्रमाणीत र अचल सम्पत्ति मूयांकन बाहेक) | अध्ययन प्रयोजन ५०० अन्य प्रयोजन १५०० |
| १६ | वंशजको नागरिकता सम्बन्धि सिफारिस | १००।- प्रतिलिपि १५०।- |
| १७ | अंगिकृत नागरिकता सम्बन्धि सिफारिस | १००० |
| १८ | नाम छुटको सिफारिस | १०० |
| १९ | चार किल्ला प्रमाणित सिफारिस | १ रोपनी भन्दा कम ३०० १ रोपानी देखि १० रोपानी सम्म ५०० १० रोपानी भन्दा माथिका सबैमा प्रति रोपनी रु १०० थप हुने |
| २० | सनाखतको सिफारिस | ३०० |
| २१ | जन्म , मृत्यु , विवाह , बसाईसराइ सम्बन्धि सिफारिस | १५० |
| २२ | स्थायी बसोवास सम्बन्धि सिफारिस | १५० |
| २३ | नाम , थर , जन्म मिति संशोधन सम्वन्धी सिफारिस | ३०० वडाबाट सिफारिस गर्दा ५०० नगरपीलकाबाट |
| २४ | सर्जमिन शूल्क | ५०० |
| २५ | अमिन शूल्क | २००० प्रति कित्ता |
| २६ | घर कायम सिफारीस | |
| क | आर.सी.सी पक्की घर | ५०० |
| ख | अन्य घर | ३०० |
| २७ | टेलिफोन जडान सम्बन्धि सिफारिस (लेनलाईन) | ३०० |
| २८ | निजी धारा जडान सम्बन्धि सिफारिस | ३०० |
| २९ | चरित्रिक प्रमाणित सिफारिस | ५०० |

| | | |
|---|---|---|
| क | कृषिजन्य उत्पादन/प्रशोधन | १०० |
| ख | लघु साना उद्योग | ५०० |
| ग | मझौला उद्योग | १००० |

| | | |
|---|---|---|
| घ | ठूला उद्योग | १५०० |
| ३० | **घर तथा भवन** | |
| क | नामसारी दस्तुर | २००० |
| ख | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धि सिफारिस | १००० |
| ३१ | छात्रवृत्ती सम्बन्धि सिफारिस | निशूल्क |
| ३२ | व्यवसाय दर्ता सम्बन्धि सिफारिस | ५०० |
| ३३ | विद्युत टेलिफोन खानेपानी नामसारी सम्बन्धि सिफारिस | ५०० |
| ३४ | आमा समूह/युवा क्लब दर्ता | ३०० |
| ३५ | एकिकृत सम्पत्ति कर प्रतिलिपि शूल्क | ५० |
| ३६ | न्यायिक कार्यको लागि दर्ता शूल्क | १०० |
| ३७ | गैर सरकारी संस्था सूचिकृत शूल्क | १००० |
| ३८ | वस्तु तथा सेवा आपूर्ती कर्ता सूचीकरणदर्ता शुल्क | १००० |
| २) | **अन्य दस्तुर** | |
| १ | निवेदन फाराम प्रति पाना | १० |
| २ | अनुसूचि | १० |
| ३ | निवेदन दर्ता शूल्क | १०० |
| ४ | भवन निर्माण दरखास्त फाराम | ५०० |
| ५ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १५०० |
| ६ | जन्म, मृत्यु,विवाह, बसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तुर (३५ दिन भित्र दर्ता भएको हकमा निशूल्क) | विलम्व शुल्क -२००<br>प्रतिलिपी दस्तुर-५०० |
| ७ | परीक्षा सम्बन्धि दरखास्त फाराम शूल्क | तोकिए बमोजिम |
| ८ | कोटेशन फाराम शूल्क | सार्वजनीक खरिद ऐन तथा नियमावली अनुसार |
| ९ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| १० | घरपालुवा कुकुर दर्ता र नविकरण दस्तूर | |
| ११ | भरुवा बन्दुक नविकरण दस्तूर | प्रचलीत कानुन अनुसार |
| १२ | घर निर्माण सम्पन्न को प्रमाण पत्र | कच्ची घरको लागि ५००<br>पक्कि घरको लागि १००० |

| | | |
|---|---|---|
| १३ | मिलापत्र दस्तुर प्रति पक्ष | ३०० |
| १४ | वडाबाट आएका सक्कल कागजातहरुको प्रमाणित शूल्क | १०० |
| १५ | व्यवसाय प्रमाण पत्र दस्तुर | ५०० |
| १६ | विवाहित/अविवाहित सिफारिस दस्तुर (नेपाली/अंग्रेजी) | ५०० |
| १७ | नाता कायम सिफारिस | ३०० |
| १८ | नाबालक सिफारिस/ नाबालक परिचय पत्र सिफारिस | १०० |
| १९ | संस्था नविकरण सिफारिस | ५०० |
| २० | एकिकृत सम्पत्ति कर विवरण फाराम | निशूल्क |
| २१ | नक्सापास दरखास्त फाराम( नक्सापास किताब) | ५०० |
| २२ | प्रोजेक्टर भाडा (नगर क्षेत्र भित्र) | १ दिनको रु १००० |
| २३ | अन्य विविध सिफारिस ( माथि उल्लेख नभएका) | ३०० |
| २४ | नक्सापास विलम्ब दस्तूर | नक्सापास दस्तुरको १० प्रतिशतले हुन आउने रकम |
| २५ | आम्दानी सिफारिस | ५०० |
| २६ | आम्दानी प्रमाणित | राजमार्गले छोएको १२००<br>पिच रोडले छोएको १००० |
| नोट | आर्थिक सहायता, दिनदुखीहरुको हकमा नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश अनुसार निशूल्क सेवा प्रदान गर्न सकिन्छ। | निशूल्क |
| ३) | हैसियत प्रमाणित | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | |
| १ | रु. १ देखि १० लाख सम्म | १,०००।- |
| २ | रु. १० लाख देखि २० लाख सम्म | २०००।- |
| ३ | रु. २० लाख देखि ३० लाख सम्म | ३,०००।- |
| ४ | रु. ३० लाख देखि ४० लाख सम्म | ३,५००।- |
| ५ | रु. ४० लाख देखि ५० लाख सम्म | ४,०००।- |
| ६ | रु.५० लाख १ देखि भन्दा बढी प्रत्येक १० लाखमा | पचास लाख भन्दा बढी ०.०७० प्रतिशतले लिने |
| ख) | अध्ययनको लागि | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | |
|---|---|---|
| १ | रु २० लाख सम्मको | १००० |
| २ | रु ३० लाख सम्मको | १५०० |
| ३ | रु ५० लाख सम्मको | २५०० |
| ४ | रु ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | पचास लाख भन्दा बढी ०.०५० प्रतिशतले लिने |

| ४) | घरबाटो सिफारिस | | |
|---|---|---|---|
| १ | सडकले नछोएको | ४०० | |
| २ | कच्ची सडकले छोएको | ५०० | |
| ३ | ग्राभेल सडकले छोएको | ६०० | |
| ४ | शाखा पिच सडकले छोएको | ७०० | |
| ५ | राजमार्गले छोएको | ८०० | |
| | | | |

| अनाधिकृत रुपमा नगरक्षेत्रभित्र ढुंगा गिट्टी बालुवा उत्खनन गरीएको अवस्थामा लाग्ने जरीवाना | | |
|---|---|---|
| १ | ट्याक्टर | पहिलो पटक रु. ५०००।००<br>दोस्रो पटक रु. १००००।००<br>दुई पटक भन्दा बढी रु.१५०००।०० |
| २ | ट्रक /ट्रीपर | पहिलो पटक रु. १००००।००<br>दोस्रो पटक रु. २००००।००<br>दुई पटक भन्दा बढी रु.२५०००।०० |
| ३ | जे.सी.बी | पहिलो पटक रु. १५०००।००<br>दोस्रो पटक रु. ३०००००।००<br>दुई पटक भन्दा बढी रु.३५०००।०० |

| ६ | सम्पत्ति तथा भुमीकर निर्धारीत समयमा नबुझाएमा लाग्ने थप दस्तुर | |
|---|---|---|
| १ | प्रतिलिपि शुल्क | प्रति पटक रु ५० |
| २ | एक बर्षको बक्यौतामा | कुल रकमको २० प्रतिशत |
| ३ | दुई बर्षको बक्यौतामा | कुल रकमको २५ प्रतिशत |
| ४ | तिन बर्षको बक्यौतामा | कुल रकमको ३० प्रतिशत |
| ५ | चार बर्षको बक्यौतामा | कुल रकमको ४० प्रतिशत |
| ६ | पाँच बर्षको बक्यौतामा | कुल रकमको ४५ प्रतिशत |
| ७ | पाँच बर्षभन्दा बाँकि सवैमा | कुल रकमको ५० प्रतिशत |

आर्थिक वर्ष शुरु भएको समय श्रावण १ गते देखि पौष मसान्त सम्म सम्पत्ति तथा भुमीकबुझाएमा कुल रकमको १० प्रतिशत कर रकम छुट हुनेछ ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिको कार्यालय
अनुसूचि १०

**आ.ब.२०७९/०८०**
**भौतिक संरचना सम्बन्धी दस्तुरः**

| क.स. | भौतिक संरचनाको विवरण | नक्सापास दस्तुर प्र.व.फी रु |
|---|---|---|
| १ | आर.सी.सी फ्रेम स्ट्रक्चर | |
| क | भूमिगत तला | ५ |
| ख | भई तला | ५ |
| ग | पहिलो तला | ७ |
| घ | दोस्रो तला | ९ |
| ङ | तेस्रो तला | १२ |
| च | चौथो तला | १५ |
| छ | पाचौं तला र पाचौं तला भन्दा माथि | प्रति तला थप रु ३ का दरले बढ्दै जाने |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी स्लेट , टायल जस्तापाता छाना | ४ |
| ३ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी स्लेट, टायल, जस्तापाता छाना | ३ |
| | अन्यको हकमा नगरपालिकाले तोकेबमोजिम | |

नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिको कार्यालय
अनुसूचि ११

**आ.ब.२०७९/०८०**
**घर अभिलेखीकरण सम्बन्धी दस्तुरः**

| क.स. | भौतिक संरचनाको विवरण | अभिलेखिकरण नक्सापास दस्तुर प्र.व.फी रु |
|---|---|---|
| १ | आर.सी.सी फ्रेम स्ट्रक्चर | |
| क | भूमिगत तला | ८ |
| ख | भई तला | ८ |
| ग | पहिलो तला | १० |
| घ | दोस्रो तला | १२ |
| ङ | तेस्रो तला | १५ |
| च | चौथो तला | १८ |
| छ | पाचौं तला र पाचौं तला भन्दा माथि | प्रति तला थप रु ३ का दरले बढ्दै जान |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी स्लेट , टायल जस्तापाता छाना | ६ |
| ३ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी स्लेट, टायल, जस्तापाता छाना | ५ |
| | अन्यको हकमा नगरपालिकाले तोकेबमोजिम | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी, प्रदेश

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि १२
**आ.ब.२०७९/०८०**

**दहत्तर बहत्तर सम्बन्धी करको दररेट::**

| सि.न. | शिर्षक | आ.व. २०७८।०७९ मा दर (प्रति ट्यक्टर २.५घन मिटर) | आ.व. २०७९।०८० मा दर (प्रति ट्याक्टर २.५ घन मिटर) |
|---|---|---|---|
| १ | रोडा,गिट्टी, गेग्रान | रु ७००।– | १००० |
| २ | ढुङ्गा,चट्टान ,स्लेट | रु ७००।– | १००० |
| ३ | बालुवा | रु ७००।– | १००० |
| ४ | चिप्स | रु ३७५।– | ३७५ |
| ५ | माटो | रु २५०।– | ३०० |
| ६ | चुन ढुङ्गा | रु २२०।– | २२० |
| ७ | नदि तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि | प्रति किलो दुई रुपैया मात्र | |

अ) " ढुङ्गा, गिट्टी ,बालुवा ,माटो ,चट्टान दहत्तर बहत्तर भन्नाले " नदि खोल्सा खोल्सी बन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर ,ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम शिला र अति मूल्यवान बस्तु बाहेकका ढुङ्गा,गिट्टी ,वालुवा ,रोडा ,गेग्रान ,चट्टान ,माटो ,चुनढुङ्गा, स्लेट ,जस्ता नदीले बगाई ल्याएको वा थिग्रीएको नदी तथा खानीजन्य प्राकृतकि स्रोतलाई सम्झनु पर्छ ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश

सुन्दरववार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि १३

**आ.ब.२०७९/०८०**

**अनाधिकृत दहत्तर वहत्तर (रोडा, ढुङ्गा, गीट्टी, चिप्स माटो, चुन्ढुङ्गा एवं काठ दाउरा ) उत्खनन् सम्वन्धि**

| क्र.सं. | उत्खननमा प्रयोग हुने साधन | जरिवाना रकम रु. पहिलो पटक | जरिवाना रकम रु. दोश्रो पटक | जरिवाना रकम रु. दुई पटक भन्दा बढी |
|---|---|---|---|---|
| १ | ट्याक्टर | ५,००० | १०,००० | १५,००० |
| २ | ट्रक/ट्रीप्पर | १०,००० | २०,००० | २५,००० |
| ३ | जे.सी.बी. | १५,००० | ३०,००० | ३५,००० |

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
अनुसूचि १४

**आ.ब.२०७९/०८०**
**व्यक्तिगत घर निर्माण गर्ने निर्माण व्यवसायी दस्तुर सम्वन्धी**

| सि.नं. | शीर्षक | आ.ब.२०७९/०८० को |
|---|---|---|
| १ | व्यक्तिगत घर निर्माण गर्ने निर्माण व्यवसायीलाई लाग्ने दस्तुर | रु.२००० |

**प्रमाणीत गर्ने :**
नाम : श्री कृष्ण प्रसाद कोईराला
पद : नगरसभा अध्यक्ष
मितिः २०७९/०३/१०
पृष्ठ संख्या : २८